# श्रीलङ्काबाट सिक्ने पाठ

*झलनाथ खनाल*

(स्थायी समिति सदस्य, ने.क.पा. एमाले)

श्रीलङ्का र दक्षिण अफ्रिका दुवैबाट सिक्नुपर्ने एउटा महत्वपूर्ण पाठ हो- सम्झौता प्रक्रिया र त्यसबाट आउने परिणाममा सबैको सहभागिता। युद्ध विरामपछि बनाइएको शान्ति समितिले श्रीलङ्कामा शान्ति कायम राख्न खेलेको भूमिकालाई पहिचान गरी त्यसबाट पनि सिक्नुपर्छ। एकपटक युद्धविराम सम्झौतामा हस्ताक्षर भएपछि जसरी पनि त्यसमा अडिग रहने कुरा अत्यन्त महत्वपूर्ण हुन्छ। त्यस्तो स्थायीत्व के-के कुराले गर्दा आयो भन्नेकुरा पहिचान गर्नुपर्छ।

नेपाल र श्रीलङ्कामा अन्तर्राष्ट्रिय र क्षेत्रीय शक्तिको भूमिका महत्वपूर्ण छ। भू-राजनीतिक अवस्थिति हेर्दा यी दुवै देशको भारतसँग विशेष सम्बन्ध छ। नेपालले भारतीय संलग्नताबारे पुनर्विचार गर्नुपर्छ। राष्ट्रसङ्घीय मध्यस्थता अर्को विकल्प हो।

श्रीलङ्का र दक्षिण अफ्रिकी अनुभवले नेपाली राज्य र राज्यसंरचनामा परिवर्तन ल्याउनुपर्ने कुरामा जोड दिन्छ। दक्षिण अफ्रिकाको राज्यपुनर्संरचना प्रक्रिया कसरी गरियो भन्नेकुरा मनन योग्य छ।